# उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

नगरकार्यपालिकाबाट मिति २०७८/१२/२० मा पारित यो मापदण्ड कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(राकेश गुरुङ्)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०७८/१२/२१

**कावासोती नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

# उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

कावासोती नगरपालिका क्षेत्रभित्र कृषि र पशुपन्छीपालन गरेका किसानहरुलाई प्रोत्साहन गर्दै व्यवसायिकतर्फ उन्मुख गर्दै कृषक पुरस्कार कार्यक्रमलाई पारदर्शी र प्रभावकारी बनाउनका लागि कावासोती नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन २०७८ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरि कावासोती नगरकार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ।

**१. उदेश्य**

(क) कृषि पेशालाई समाजको आकर्षक र सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने।

(ख) कृषकहरुको योगदानको सम्मान गर्ने।

(ग) कृषकहरुमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरि कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुर्याउने।

**२. प्राविधिक पक्ष**

(क) सूचना प्रवाहः कावासोती नगरपालिकाले उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गरि कृषकहरुबाट निवेदन आव्हान गर्नेछ। निवेदनको फारम ढाँचा दफा ६ बमोजिम हुनेछ।

(ख) न्यूनतम मापदण्डः नगर क्षेत्रभित्रका कृषकहरुले निवेदन पेश गर्नका लागि उल्लेखित मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

| क्र.स. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ठुला कृषक | मझौला कृषक | साना कृषक | |
| १ | अन्नबाली तथा दलहन तेलहन बाली | १ बिगाहा | १० कठ्ठा | ७ कठ्ठा | |
| २ | तरकारी बाली | २० कठ्ठा, प्लाष्टिक हाउस १००० वर्ग फिट | १० कठ्ठा, प्लाष्टिक हाउस ५०० वर्ग फिट | ५ कठ्ठा, प्लाष्टिक हाउस २०० वर्ग फिट | |
| ३ | च्याउ | १० वटा टनेल (५०० वर्ग फिट) | ५ वटा टनेल (२५० वर्ग फिट) | २ वटा टनेल (१०० वर्ग फिट) | |
| ४ | फलफूल | कम्तिमा १०० वटा विभिन्न फलफूलका बोट | कम्तिमा ५० वटा विभिन्न फलफूलका बोट | कम्तिमा ३० वटा विभिन्न फलफूलका बोट | |
| ५ | मौरीपालन | ५० घार | ३० घार | १० घार | |
| ६ | माछापालन | २० कठ्ठा | १० कठ्ठा | ५ कठ्ठा | |
| ७ | भेडाबाख्रा | ५० माउ | २० माउ | १० माउ | |
| ८ | गाईभैसी | उन्नत २० वटा माउ | उन्नत १० वटा माउ | उन्नत ५ वटा माउ | |
| ९ | बंगुर | उन्नत २० वटा माउ | उन्नत १० वटा माउ | उन्नत ५ वटा माउ | |
| १० | कुखुरा | २००० वटा | १००० वटा | २०० वटा | |
| ११ | हाँस | ५०० वटा | २५० वटा | १०० वटा | |
| १२ | घाँस खेती | २० कठ्ठा | १० कठ्ठा | ५ कठ्ठा | |
| १३ | खाद्यान्न बिउ वृद्धि | २० कठ्ठा | १० कठ्ठा | ५ कठ्ठा | |
| १४ | तरकारी बिउ वृद्धि | १० कठ्ठा | ५ कठ्ठा | ३ कठ्ठा | |
| १५ | रैथाने बाली संरक्षण | १० कठ्ठा | ५ कठ्ठा | ३ कठ्ठा | |
| १६ | केरा खेती | १० कठ्ठा | ५ कठ्ठा | ३ कठ्ठा | |

(ग) निवेदन संकलन, मूल्याङ्कन र सिफारिस समितिः तोकिएको मिति सम्ममा न्यूनतम मापदण्ड पुगी दर्ता भएका निवेदनहरुको छानबिन, मूल्याङ्कन र सिफारिसका लागि देहायका पदाधिकारी सम्मिलित समिति रहनेछ।

नगर प्रमुखः संयोजक

नगर उपप्रमुखः सदस्य

प्रमुख प्रशासकिय अधिकृतः सदस्य

आर्थिक विकास समितिको संयोजकः सदस्य

कृषि तथा पशुपन्छी विकास शाखाको प्रमुखः सदस्य सचिव

३. **आर्थिक पक्षः** स्वीकृत बजेटको परिधिभित्र रहि सिफारिस समितिले पुरस्कारको राशी र संख्या तोकि नगरकार्यपालिका, कार्यालयलाई सिफारिस गर्नेछ। सिफारिसका आधारमा नगरपालिकाले पुरुस्कार पाउने कृषक वा संस्थाको नामावली प्रकाशन र पुरस्कार वितरण गर्नेछ ।

४. **प्रस्ताव मूल्याङ्कनको आधारहरुः**

| क्र.स. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्ताङ्क अंक |
|---|---|---|---|
| १ | स्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |
| २ | स्थानिय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | १० | |
| ३ | उत्पादन स्थिति/उत्पादकत्व | १० | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सिर्जनाको स्थिती | १५ | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | ५ | |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिती | १० | |
| ८ | नगरपालिका र प्राविधिकसँगको सम्पर्क स्थिती | ५ | |
| ९ | प्राविधिक ज्ञान सीप बारे जानकारी एवं प्रयोग स्थिती | १० | |
| १० | कृषि व्यवसायको दिगोपना स्थिती | १० | |
| ११ | सिर्जनात्मक कार्य गरेको | १० | |

५. **निवेदन सँग पेश गर्नुपर्ने कागजातहरुः**

(क) अनुसूची १ बमोजिमको निवेदन र निवेदन फारम।

(ख) सम्बन्धित कृषकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ग) फर्म/समूह/समिति/सहकारी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।

(घ) व्यवसाय संचालन गरेको जग्गा धनि पूर्जा वा सम्झौताको प्रतिलिपि वा वडा कार्यालयको प्रमाणित पत्र

(ङ) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(च) अन्य तालिम/सम्मान प्रमाणपत्रको प्रतिलिपि।

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

**६. निवेदन फारमको ढाँचाः**

| निवेदकको फोटो |
|---|

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कावासोती नगरपालिका

विषयः उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागि गराई पाउँ बारे।

कावासोती नगरपालिकाको मिति ………………….. को सार्वजनिक सूचना अनुसार उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा मलाई सहभागी हुन इच्छा भएकाले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरिदिनुहुन अनुरोध गर्दछु। यसमा मैले पेश गरेको संलग्न विवरण ठीक छ, झुट्टा ठहरिए कानुन बमोजिम सहुँला बुझाउला।

विवरणः

१. कृषकको नामः

२. जन्म स्थान र जन्म मितिः

३. स्थायी ठेगानाः

४. कृषक वर्गीकरण (टिक लगाउनुहोस् ): ठुला कृषक ( ) मझौला कृषक ( ) साना कृषक ( )

५. श्रोत साधनको विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कृषकसँग भएको स्रोत साधन | | |
| क | कुल जग्गाको क्षेत्रफल (भाडाको सहित) | | |
| ख | कुल खेती गरेको क्षेत्रफल | | |
| ग | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | |
| २ | सिंचाईको स्रोत | | |
| क | कुलो | | |
| ख | बोरिङ्ग | | |
| ग | इनार | | |
| ३ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

६. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली | | | |
| क | धान | | | |
| ख | गहुँ | | | |
| ग | मकै | | | |
| घ | आलु | | | |
| ङ | खाद्यान्न बिउ उत्पादन | | | |
| २ | दालबाली | | | |
| ३ | तेलबाली | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | तरकारीबाली | | | |
| क | वर्षे तरकारी | | | |
| ख | हिउदे तरकारी | | | |
| ग | बेमौसमी तरकारी | | | |
| घ | तरकारी विउ उत्पादन | | | |
| ५ | फलफूल | | | |
| क | केरा | | | |
| ख | आँप | | | |
| ग | लिची | | | |
| घ | कागती | | | |
| ६ | मौरी पालन | | | |
| ७ | नर्सरी | | | |

७. पशुपन्छी पालन तथा उत्पादन विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण/ उत्पादन |
|---|---|---|---|
| १ | पशु संख्या | | |
| क | गाई भैसी | | |
| ख | भेडाबाख्रा | | |
| ग | बंगुर | | |
| घ | हाँस कुखुरा | | |
| २ | दूध उत्पादन | | |
| ३ | मासु उत्पादन | | |
| ४ | अण्डा उत्पादन | | |
| ५ | उन उत्पादन | | |

८. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | नगरपालिका कार्यालय र सेवा केन्द्रमा सम्पर्क/समन्वय स्थिति | | | | |
| २ | कृषि ऋण स्रोत एवं पहुँच | | | | |
| ३ | बाली तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ४ | प्राविधिकसँगको सम्पर्क स्थिति | | | | |

९. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.स. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छी/माछापालन कार्यमा | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रशोधन तथा बजारिकरणकार्यमा | | | |

१०. कृषि व्यवसायमा लगानी स्थिति

| क्र.स. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छी/माछापालन खर्च | | |
| ४ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५ | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

११. कृषि व्यवसायमा भएको लगानीको स्रोत

| क्र.स. | लगानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैङ्कबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैङ्क तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट व्यहोरिएको रकम | | |
| | जम्मा | | |

१२. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थिति

| क्र.स. | आम्दानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन बाट | | |
| ३ | पन्छी/माछापालन बाट | | |
| ४ | कृषि उपजको बजारिकरणबाट | | |
| ५ | कृषि पेशा अन्तर्गत पर्ने कुनै माध्यमबाट | | |
| | जम्मा कुल आम्दानी | | |

१३. निम्न विषयमा सहभागी कृषक दक्षता

| क्र.स. | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | स्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो तथा गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंशा पत्र पाएको/नपाएको | |
| ८ | समूह/समिति/सहकारीको सदस्य (भएको/नभएको) | |

| | | |
|---|---|---|
| ९ | स्थानिय स्तरमा आफ्नो अनुभवको आदान प्रदान (गरेको/नगरेको) | |

१४. नयाँ कृषि प्रविधिको विकासः

१५. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरणः

१६. कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतिकरण (कुनै भएमा)

१७. कृषि व्यवसाय प्रवद्धनको भावी योजना (कुनै भएमा)

१८. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरि)

नगरकार्यपालिकाबाट मिति २०७८/१२/२० मा पारित यो मापदण्ड कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(राकेश गुरुङ्)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०७८/१२/२१